# आ.व. २०८३/०८४ को लागि
# अर्थ सम्बन्धी प्रस्तावलाई
# कार्यान्वयन गर्न बनेको
# आर्थिक ऐन,

खाँडाचक्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## मान्म, कालिकोट

कर्णाली प्रदेश, नेपाल

२०८३/०३/१०

**प्रस्तावनाः**

खाँडाचक्र नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम यस नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन नगर सभावाट स्वीकृत भए पश्चात २०८३ श्रावण १ गते देखि खाँडाचक्र नगरपालिका भरी आ.व. २०८३/०८४ का लागि लागु हुने छ ।

२. **सम्पति करः**

खाँडाचक्र नगरपालिकाको क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर वा सम्पत्ति कर लगाइने र असूल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत)ः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुलउपर गरिनेछ । तर एकिकृत सम्पत्ति कर लगाएको भूमिमा यो कर लगाइने छैन ।

४. **घर जग्गा वहाल करः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आँशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन तथा ढुङगा, गिट्टी वालुवा, माटो उत्खन्न करः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा तथा नगरपालिका क्षेत्र भित्र ढुङगा, गिट्टी वालुवा, माटो उत्खन्न गरे बापत अनुसूचि (६) बमोजिम सवारी साधन तथा ढुङगा, गिट्टी वालुवा, माटो उत्खन्न कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरन्जन करः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूचि (९) बमोजिमको बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः**

खाँडाचक्र नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः**
खाँडाचक्र नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत तोकिए बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः**
खाँडाचक्र नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूचि (११) मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः**
खाँडाचक्र नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट तोकिए बमोजिम पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः**
यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । अघिल्लो आर्थिक वर्षमा कानून वमोजिम कर नतिरेका सवै करदाताहरुसँग तिर्न वाकी सवै कर समेत यस आर्थिक वर्षमा अनिवार्य असुल उपर गरिने छ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**
यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्बन्धि अन्य कार्यविधि नगरकार्यपालिकाले वनाई लागू गर्न सक्नेछ ।

## अनुसूचि १

### क. एकिकृत सम्पत्ति कर

| करयोग्य एकिकृत सम्पत्तिको मूल्य | वार्षिक दर |
|---|---|
| रु ५,००,०००।- सम्मको मूल्यांकनमा | एकमुष्ठ रु १००।- |
| रु ५,००,०००।- माथिको कर योग्य एकिकृत सम्पत्तिको मूल्य | करयोग्य कुल रकमको ०.०२ प्रतिशत (उदाहरण एकिकृत सम्पत्तिको मूल्य रु ६,००,०००।- भएमा सो मूल्यको ०.०२ प्रतिशतले हुन आउने वार्षिक कर रु १२०।- |

### ख. सम्पत्ति कर

| सि.नं. | शिर्षक | करको दर |
|---|---|---|
| १ | पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर (प्रति तला ) | प्रति वर्ग फिट ५० पैसा |
| २ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - र टिन ढुङ्गाको छाना प्रतितला | रु २०० |
| ३ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/ढुङ्गाको छाना प्रतितला | रु १५० |
| ४ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - र खर छाना कच्ची घर, गोठ छाप्रो समेत प्रतितला | रु १०० |

## अनुसूचि २

### क. भूमि कर (मालपोत)

| क्र.स. | जग्गा विवरण | करको दर (प्रति १०० वर्ग मिटरमा) |
|---|---|---|
| १ | मालपोत कर पाखो | रु ३ |
| २ | मालपोत कर खेत | रु ४ |
| ३ | मालपोत कर वाझो चाहार | १ थप गरिएको |

## अनुसूचि ३

**क. घर जग्गा वहाल कर**

| क्र.स. | विवरण | करको दर |
|---|---|---|
| १ | वहाल वाट प्राप्त कुल आम्दानीको | १० प्रतिशत |

## अनुसूचि ४

### व्यवसाय कर

**क. चुरोट, रक्सी, सवारी साधन विक्रेता, निमार्ण सामाग्री थोक**

| वर्ग | पुंजी(रु) | कर |
|---|---|---|
| क | रु. ३,००,०००। सम्म | रु.१,५००। |
| ख | रु. १०,००,०००। सम्म | रु. ३,५००। |
| ग | रु. १० लाख देखी ५० लाख सम्म | रु. ५,५००। |
| घ | रु. ५० लाख देखी १ करोड सम्म | रु .१५०००। |

**ख.** ज्वेलरी, भिडीयो, क्यासेट, रिकर्डर तथा प्लेयर, कम्प्युटर, विधुतीय सामान, क्यामरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ, तयारी तथा अन्य कपडा व्यापार, दैनिक उपभोगका खाद्य पदार्थ थोक तथा खुद्रा व्यापार तथा पर्यटन, आवास, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, सार्वजानिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाईसेवा, शीत भण्डार, सवारी साधन लगाएत अन्य मर्मत संभार सेवा आदी जस्ता र माथि नखुलेका अन्य उद्योग व्यबसाय ।

| वर्ग | पुंजी(रु) | कर |
|---|---|---|
| क | रु. १,००,००० सम्म । | रु. ६००। |
| ख | रु. ३,००,००० सम्म । | रु. १,२००। |
| ग | रु. १०,००,००० सम्म । | रु. १,८००। |
| घ | रु. १०,००,००० भन्दा माथी । | रु. २,३००। |

**ग. उत्पादन मुलुक उद्योग, कृषि तथा वनजन्य, खनिज, उर्जामुलक उद्योग**

विभिन्न माल सामान उत्पादन गर्ने उद्योग व्यवसाय, कृषि तथा वनजन्य उद्योग व्यवसाय, जलस्रोत, वायु, सौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायोग्यास, तथा अन्य स्रोतहरु बाट उर्जा पैदा गर्ने उद्योग खनिज उद्योगव्यबसाय ।

| वर्ग | पुंजी (रु) | कर |
|---|---|---|
| क | रु. १०,००,००० सम्म | रु. १,२००। |
| ख | रु. १० लाख देखी ५० लाख सम्म | रु. ४,०००। |
| ग | रु ५० लाख देखी १ करोड सम्म | रु. १३०००। |

### घ. वित्तिय सेवा, विशेषज्ञ परामर्श सेवा, स्वास्थ्य सेवा सम्बन्धी व्यवसाय

| सि.न. | व्यबसाय | कर |
|---|---|---|
| १ | नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक | रु. ५,५०० |
| २ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | रु. ५,५०० |
| ३ | वित्तीय कम्पनी शाखा कार्यालय | रु. १,५०० |
| ४ | विमा कम्पनी | रु. ६००० |
| ५ | विदेशी मुद्रा सटही | रु. १,५०० |
| ६ | धितोपत्र कारोबार | रु. १,५०० |
| ७ | सहकारी बैंक/सहकारी संस्था | रु. १,५०० |
| ८ | गैर सरकारी अस्पताल | रु. ५००० |
| ९ | नर्सिङ होम | रु. ८००० |
| १० | ल्किनिक तथा ल्याव | रु. ८००० |
| ११ | चिकित्सक, कविराज, इन्जीनियर, कानुन व्यवसायी, लेखा परिक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्श दाता, कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर, वीमा एजेन्टसर्भेयर, अनुवादक, शेयर दलाल, पसु चिकीत्सक, संस्थागत पेन्टर | रु. १००० |

### ङ. निर्माण व्यबसाय

**नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यबसाय**

| वर्ग | वार्षिक कर | इजाजत पत्र | नबिकरण दस्तुर | ३ महिना भन्दा बढि म्याद नाघेमा थप दस्तुर | ९ महिना भन्दा बढि म्याद नाघेमा थप दस्तुर | १ वर्ष भन्दा म्याद नाघेमा प्रत्येक वर्षको | इजाजत पत्र प्रतिलिपि |
|---|---|---|---|---|---|---|---|
| क | रु. १५,००० | - | - | - | | | - |
| ख | रु. १०,००० | - | - | - | | | - |
| ग | रु. ८,००० | - | - | - | | | |
| घ | - | रु.६००० | रु.४००० | रु. ४००० | रु. २००० | रु. १५००० | रु. २००० |

## <u>अनुसुची ५</u>

### क. जडिबुटी, कवाडी र जिवजन्तु कर

| सि.न. | विवरण | कर दर (रु) | कैफियत |
|---|---|---|---|
| १ | गुच्ची च्याउ, चिराइतो, बोजो, आक्चे, पदमचाल, अतिस, विस जरा, सुगन्धवाल, तारेचुक, डालेचुक, जटामसी, जरा, कुट्की, सिलाजित, काला दाना, कुरिलो, यार्सागुम्बा, लौड सल्ला, सतुवा, पाखनभेद, सेतो चिनी, धुपिपातको तेल, साधारण च्याउ, बन लसुन आदी जडिवुटि कारोबार गर्ने व्यवसायीलाई प्रति क्विन्टल | रु. ३००० | |

| सि.न. | विवरण | कर दर (रु) | कैफियत |
|---|---|---|---|
| २ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा,तेलको टिन, पुन : प्रशोधन (रिसाइकलिङ्ग) गरी पुन : प्रयोग हुन सक्ने कवाडी सामानहरु कारोवार गर्ने व्यवसायीलाई प्रति सानो ट्रक | रु. ३००० | |
| ३ | प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत्यु वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला हाँस, कुखुरा जस्ता पंछीहरूको प्वाँख आदी कारोवार गर्ने व्यवसायीलाई प्रति सानो ट्रक | रु. ८००० | |

## अनुसुची ६

### ख. सवारी साधन कर

| क्र.स. | सवारी साधन | कर दर | कैफियत |
|---|---|---|---|
| १ | बस/मिनिवस/जिप/ट्रक/ट्याक्टर/लरी तथा अन्य हेभी गाडी | रु. १५०० | |
| २ | भाडाको ट्याम्पो/रिक्सा/निजि कार | रु. १००० | |

### ग. खाडाँचक्र नगरपालिका क्षेत्र भित्र ढुङगा, गिट्टी वालुवा, माटो उत्खलन गरे बापतको कर

| क्र.स. | विवरण | बालुवा (नदीबाट) | ढुङ्गा | गिट्टी | माटो |
|---|---|---|---|---|---|
| १ | प्रति ट्रिप ट्रक/ट्रिपर बाट | रु. २५०० | रु. ४०० | रु. ४०० | रु. २०० |
| २ | प्रति ट्रिप ट्रयाक्टर बाट | रु. २००० | रु. ३०० | रु. ३०० | रु. १५० |
| ३ | प्रति ट्रिप सानो ट्याक्टर बाट | रु. १५०० | रु. २५० | रु. २५० | रु. १०० |

## अनुसुची ७

### क. विज्ञापन कर

| क्र.स. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| १ | साइनवोर्ड, होडिङ वोर्ड, अन्य वोर्ड (प्रति वर्ग फिट) | रु २५ | |
| २ | वाल पेन्ट (प्रति वर्ग फिट) | रु १५ | |
| ३ | डिजिटल वोर्ड (प्रति वर्ग फिट) | रु ३५ | |

## अनुसुची ८

### क. मजोरञ्जन कर

| क्र.स. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| १ | जादु, सर्कस, चकट, सिनेमा हल, भिडीयो हल, सास्कृतिक प्रदर्शन हल, थियटर, संगित, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासीक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रबेश शुल्कमा | २५०० | |

## अनुसुची ९

### क. वहाल विटौरी कर

नगरपालिका क्षेत्रका निम्न स्थानमा सार्वजनिक जग्गामा कुनै व्यक्ति, संस्थालाई अस्थायी व्यापार/प्रचार प्रसार प्रयोजनको लागि उपलब्ध गराउँदा लाग्ने वहाल विटौरी करको दर

| क.स. | विवरण | कर दर | कैफियत |
|---|---|---|---|
| १ | मान्म वजार क्षेत्रको सार्वजनिक जग्गा (प्रति १०० वर्ग मिटर) | रु. २५००।- | |
| २ | कर्णाली राजमार्ग क्षेत्रको सार्वजनिक जग्गा (प्रति १०० वर्ग मिटर) | रु. १५००।- | |
| ३ | अन्य सार्वजनिक (प्रति १०० वर्ग मिटर) | रु. ५००।- | |

## अनुसुची १०

### क. पार्किङ्ग शुल्क

| क.स. | साधन | कर दर | कैफियत |
|---|---|---|---|
| १ | वस/ट्रक | रु. ६० | |
| २ | ट्याक्टर/जिप | रु. ४० | |
| ३ | मोटर साईकल | रु. ३० | |

## अनुसुची ११

### क. सेवा, शुल्क र दस्तुर

| क.स. | सेवा | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | योजनाहरुको सिफारीसको लागि १ लाख सम्मको एक पटक | रु. २०० | |
| २ | योजना सञ्चालन/भुक्तानी सिफारिस रु ५ लाख सम्म एक पटक | रु १००० | |
| ३ | योजना सञ्चालन/भुक्तानी सिफारिस रु ५ लाख देखि २० लाख सम्म एक पटक | रु १५०० | |
| ४ | योजना सञ्चालन/भुक्तानी सिफारिस रु २० लाख देखि ५० लाख सम्म एक पटक | रु २५०० | |
| ५ | योजना सञ्चालन/भुक्तानी सिफारिस रु ५० लाख भन्दा माथि सवै | रु. ६००० | |
| ६ | साधारण सिफारिस | रु १०० | |
| ७ | चार किल्ला प्रमाणित सिफारिश (मुख्य वजार वाहेक) | रु ३०० | |
| ८ | चार किल्ला प्रमाणित वजार, मुख्य वजारहरु | रु ५०० | |
| ९ | धारा, विजुली जडान सिफारिस | रु १०० | |
| १० | अंग्रजीमा सिफारिस (प्रति सिफारिस) | रु १०० | |
| ११ | पक्की घरको सर्जमिन | रु ५०० | |
| १२ | नाता प्रमाणित प्रति | रु. २०० | |
| १३ | अन्य सर्जमिन | रु ३०० | |
| १४ | निजि विद्यालय दर्ता सिफारिस | रु ३००० | |

| क्र.स. | सेवा | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| १५ | निजि विद्यालय कक्षा थप सिफारिस | रु २००० | |
| १६ | टोल विकास समिति दर्ता/नविकरण | रु २०० | |
| १७ | निजी जग्गा नापजाँचका लागि नगरपालिकाका अमिन स्थलगत प्राविधिक सेवा लिने शुल्क (साविक मान्म, भर्ता र वदालकोट गाविस) | रु २००० | |
| १८ | निजी जग्गा नापजाँचका लागि नगरपालिकाका अमिन स्थलगत प्राविधिक सेवा लिने शुल्क (साविक दाहा गाविस) | रु २००० | |
| १९ | निजी जग्गा नापजाँचका लागि नगरपालिकाका अमिन स्थलगत प्राविधिक सेवा लिने शुल्क (साविक पाखा गाविस) | रु ४००० | |
| २० | फोहोर मैला व्यबस्थापन शुल्क ब्यक्तिगत घर (मासिक) | रु १०० | |
| २१ | फोहोर मैला व्यबस्थापन शुल्क होटल मझौला (मासिक) | रु ५०० | |
| २२ | फोहोर मैला व्यबस्थापन शुल्क होटल ठूला (मासिक) | रु १००० | |
| २३ | खानी दर्ता सिफारिस | रु १०,००० | |
| २४ | पेट्रोल पम्प खोल्ने सिफारीस | रु १५,००० | |
| २५ | राहदानी सम्बन्धि सिफारिस | रु ५०० | |
| २६ | आयश्रोत प्रमाणित (कुल मूल्याङ्कन भएको आय श्रोतको) सिफारिश | ०.०२ प्रतिशत | |
| २७ | नक्सा पास अभिलेख किताव | रु १५०० | |
| २८ | मुहान दर्ता/सिफारिस | रु.४००० | |
| २९ | मुहान दर्ता नविकरण | रु. २००० | |
| ३० | सस्था, समिति तथा समुह र निजी फर्म दर्ता | रु ४,००० | महिलालाई ५० प्रतिशत छुट |
| ३१ | सस्था, समिति तथा समुह नवीकरण | रु. १५०० | |
| ३२ | न्यायीक समिति उजुरी/निवेदन दर्ता | रु. १०० | |
| ३३ | न्यायीक समिति मिलापत्र शुल्क | रु. ३०० | |
| ३४ | कन्सुलर प्रमाणित | रु. ५०० | |
| ३५ | नक्सा पास पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर (प्रति तलाको) प्रति वर्ग फिट (वजार क्षेत्र भित्र) | रु. ७ | |
| ३६ | नक्सा पास (समेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो र टिन ढुङ्गाको छाना) प्रति वर्ग फिट (वजार क्षेत्र भित्र) | रु. ४ | |
| ३७ | नक्सा पास (माटोको जोडाईमा ढुङ्गाको गारो जस्ता/ढुङ्गा/खरको छाना) प्रति वर्ग फिट (वजार क्षेत्र भित्र) | रु. २ | |
| ३८ | नक्सा पास पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर (प्रति तलाको) प्रति वर्ग फिट (वजार क्षेत्र भित्र वाहेक) | रु. ४ | |
| ३९ | नक्सा पास (समेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो र टिन ढुङ्गाको छाना) प्रति वर्ग फिट (वजार क्षेत्र भित्र वाहेक) | रु. २ | |
| ४० | नक्सा पास (माटोको जोडाईमा ढुङ्गाको गारो जस्ता/ढुङ्गा/ | रु. १ | |

| क.स. | सेवा | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| | खरको छाना) प्रति वर्ग फिट (वजार क्षेत्र भित्र वाहेक) | | |
| ४१ | घर निर्माण सम्पन्न सिफारिस (पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर) | रु. १५०० | |
| ४२ | घर निर्माण सम्पन्न सिफारिस साधारण कच्ची | रु. ५०० | |
| ४३ | कुखुरा, हास, भेडा, वाखा, खरायो उपचार वापत दर्ता शुल्क शुल्क प्रति संख्या | रु. ५ | |
| ४४ | गाई गोरु, रागो, भैसी उपचार वापत दर्ता शुल्क शुल्क प्रति संख्या | रु. १० | |
| ४५ | कृत्रिम गर्भाधान सेवा वापत दर्ता शुल्क प्रति संख्या | रु. २५ | |
| ४६ | कुकुर, विरालो र वंगुर/सुगुर उपचार वापत दर्ता शुल्क प्रति संख्या | रु. २५ | |
| ४७ | रेविज सुई दिए वापत प्रति संख्या | रु. १२० | |
| ४८ | भाले पशु बन्ध्याकरण सेवा वापतको प्रति संख्या | रु २० | |
| ४९ | बन्यजन्तु उपचार सेवा वापत प्रति संख्या | रु. २०० | |
| ५० | घोडा, खच्चर उपचार वापत दर्ता शुल्क प्रति संख्या | रु २०० | |
| ५१ | गाई गोरु, रागो, भैसी निकासी कर प्रति संख्या | रु. १०० | |
| ५२ | भेडा, वाखा निकासी कर प्रति संख्या | रु. २०० | |
| ५३ | विद्यालयमा कक्षा थप सामुदायिक | रु १५०० | |
| ५४ | विद्यालय नयाँ अनुमति सामुदायिक | रु २५०० | |
| ५५ | विद्यालयमा कक्षा थप निजी | रु. ४००० | |
| ५६ | विद्यालय नयाँ अनुमती निजी | रु. ६००० | |
| ५७ | ट्युसन सेन्टर दर्ता/सञ्चालन अनुमति | रु. ६००० | |
| ५८ | मार्कसिट प्रतिलिपी शुल्क | रु. १०० | |
| ५९ | महिला समुह दर्ता लगायत अन्य | रु. २००० | ५० प्रतिशत छुट |
| ६० | क्रसर उद्योग सञ्चालन सिफारिश दस्तुर | रु १५००० | |
| ६१ | हाट बजार सञ्चालन | रु. ५०० | |
| ६२ | कृषि/पशु समुह दर्ता | रु १००० | लक्षित वर्गलाइ ५० प्रतिशत छुट |
| ६३ | कृषि/पशु समुहको नविकरण | रु ५०० | लक्षित वर्ग लाइ ५० प्रतिशत छुट |
| ६४ | फोटोकपि प्रतिलिपी ५ पेज भन्दा माथि प्रतिपेज (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) | रु. ५ | |
| ६५ | A3 ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ | रु १० | |
| ६६ | विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति PDF Document | रु १०० | |

| क्र.स. | सेवा | शुल्क/दस्तुर | कैफियत |
|---|---|---|---|
| ६७ | विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाको लागि प्रति Editable Document | रु ५०० | |
| ६८ | घर कायम सिफारीस दस्तुर ग्रामिण क्षेत्रमा | रु २०० | |
| ६९ | घर कायम सिफारीस दस्तुर बजार क्षेत्रमा | रु ५०० | |
| ७० | फर्म वा व्यवसाय खारेजी दस्तुर | रु ५०० | |
| ७१ | उद्योग व्यवसायको प्रतिलिपी दस्तुर | रु १००० | |
| ७२ | उद्योग व्यवसाय ठाउँसारी दस्तुर | रु.१५०० | |
| ७३ | उद्योग व्यवसाय नामसारी दस्तुर | रु. ३००० | |
| ७४ | उद्योग व्यवसायको पूँजिवृद्धि | रु.३००० | |
| ७५ | (त.भ.प्रमाणित, खाता संचालन र अन्य ) | रु.५०० | |
| ७६ | अटोरिक्सा रुट इजाजत दर्ता | रु. ५००० | |
| ७७ | अटोरिक्सा रुट इजाजत नविकरण | रु. २००० | |
| ७८ | नागरिकता सिफारिश (नया) | रु. १०० | |
| ७९ | नागरिकता सिफारिश (प्रतिलिपि) | रु २०० | |
| ८० | खाद्यान्न निकासी सिफारीस प्रतिक्विन्टल | रु ५० | |
| ८१ | तमासुक (लिने दिने) कागज प्रमाणित प्रतिलाखमा | ५०० | |
| ८२ | प्रतिलिपी रसिद जारी गर्दा काटिएको दस्तुरको आधा लाग्ने | | |
| ८३ | गव्वारो रानीखेत खोप प्रति डोज | रु १ | |
| ८४ | कुखुराको चल्ला निकाशि प्रति गाडी | रु १००० | |
| ८५ | खसी वाख्रा निकाशी प्रतिगोटा | रु ५० | |
| ८६ | राँगा भैसी निकासी प्रतिगोटा | रु १००० | |
| ८७ | रेविज खोप Pre Bite/ Post Bite | रु १२० | |
| ८८ | सम्पुर्ण कवाडी निकासी प्रतिक्विन्टल | रु ३०० | |
| ८९ | घ वर्गको इजाजत नामसारी ठाउँसारी | रु २००० | |
| ९० | काठ निकासी मुल्याङ्कन को १०% | | |
| ९१ | करार पद पुर्तिको परिक्षा दस्तुर प्रदेश लोकसेवा आयोग अनुसार हुने | | |
| ९२ | क ) श्रेणी विहिन | रु ३०० | |
| ९३ | ख ) सहायक चौथो तह सो सरह | रु ४०० | |
| ९४ | ग ) सहायक पाँचौ तह सो सरह | रु ५०० | |
| ९५ | घ ) अधिकृत स्तर सो सरह | रु १००० | |
| ९६ | ङ ) उपसचिव स्तर सो सरह | रु १२०० | |

अनुसुची १२

**एम्वुलेन्स को सेवा**

| सि.न. | देखि | सम्म | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | जिल्ला अस्पताल | मान्म वजार | ७०० | |
| २ | जिल्ला अस्पताल | ताडी | ८०० | |
| ३ | जिल्ला अस्पताल | गल्ली | १५०० | |
| ४ | जिल्ला अस्पताल | विहानी तेश्रो वजार | २००० | |
| ५ | जिल्ला अस्पताल | मोल्फा | २५०० | |
| ६ | जिल्ला अस्पताल | पिलि | ३००० | |
| ७ | जिल्ला अस्पताल | सेरावाडा | ३५०० | |
| ८ | जिल्ला अस्पताल | चौखोला | ४००० | |
| ९ | जिल्ला अस्पताल | जुम्ला | १०००० | |
| १० | जिल्ला अस्पताल | सेरीघाट सम्म र मान्म गाउँ | ७०० | |
| ११ | जिल्ला अस्पताल | हुल्म | १८०० | |
| १२ | जिल्ला अस्पताल | कालेखोला | २५०० | |
| १३ | जिल्ला अस्पताल | राकम कर्णाली | ५००० | |
| १४ | जिल्ला अस्पताल | सुर्खेत | १२००० | |
| १५ | जिल्ला अस्पताल | नेपालगञ्ज | १८००० | |
| १६ | जिल्ला अस्पताल | लालिघाट वजार | ३५०० | |
| १७ | जिल्ला अस्पताल | रंगिल | ४५०० | |
| १८ | जिल्ला अस्पताल | राष्कोट | ९००० | |
| १९ | जिल्ला अस्पताल | सान्नित्रीवेणी | ९००० | |
| २० | जिल्ला अस्पताल | पचालझना | ९००० | |
| २१ | जिल्ला अस्पताल | पलाता | ११००० | |
| २२ | तोकीएको स्थान देखी केही दुरी टढा जानुपरेमा प्रति कि मि | | २०० | |
| २३ | सुत्केरीको हकमा निशुल्क हुने छ । | | | |
| २४ | घोडा खच्चर उपचार वापत रकम रु | | ५० | |
| २५ | कृषि तथा पशुपंछी फर्म समुह नविकरण विलम्व दस्तुर | | | |
| २६ | क ३ महिना सम्म | | ५०० | |
| २७ | ख ६ महिना सम्म | | ८०० | |
| २८ | ग १ वर्ष नाघेमा | | १००० | |

# अनूसूची - १३

प्रस्तुत विषयमा नेपाल सरकारले खण्ड ७० संख्या ४६ नेपाल राजपत्रमा भाग ३ मिति २०७७/१२/०२ मा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण नियमावली, २०७७ प्रकाशित बमोजिमको दस्तुर तथा शुल्क लाग्ने छ।

**तपसिल**

| क्र.सं. | सम्बन्धित नियम | विषय | शुल्क तथा दस्तुर |
|---|---|---|---|
| १ | घटना घटेको ३५ दिन भित्र | | निःशुल्क |
| १ | घटना घटेका ३५ दिन पछी | परिचयपत्रको विलम्ब दस्तुर | रु.२००/- |
| २ | प्रमाणपत्र हराएको वा प्रतिलिपी | परिचयपत्रको प्रतिलिपि दस्तुर | रु.५००/- |
| ५ | घटना दर्ताको किताबमा रेकर्ड हेरेमा | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | निशुल्क |

नोट : यस ऐनमा उल्लेखित अनुसूची १ देखि १३ सम्मका करका दरहरु संसोधन सहित स्वीकृत गरिने छ।